# कार्यपालिका बैठकको निर्णय
(मिति २०७९/०६/०७ )

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

<u>विषय सूची :</u>


१ : शुभ-कामना सम्बन्धमा ।
२ : आ. व. २०७८/०७९ को अ.ल्या.योजना तथा रकम विनियोजन सम्वन्धमा ।
३ : पारिश्रमिक व्यवस्थापन सम्बन्धमा ।
४ : योजना तथा कार्यक्रम संचालनका लागि वजेट व्यवस्थापन सम्वन्धमा
५ : पार्कलाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्ने सम्वन्धमा
६ : विभिन्न सरकारी कार्यालयले राखेको माग सम्वन्धमा
७ : टीकापुर नगरपालिकामा लगानी सम्मेलन गर्ने सम्वन्धमा ।
८ : वार्षिक समीक्षा सम्बन्धमा ।
९ : सार्वजनिक बाटो सिमाकंन/रेखाकंन तथा सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।
१० : रासायनिक मल आपूर्ति तथा विक्री वितरण सम्वन्धमा ।
११ : खेलकुद कार्यक्रम संचालन सम्वन्धमा ।
१२ : भगिनी सम्वन्ध स्थापना गर्ने सम्वन्धमा ।
१३ : समिति गठन सम्बन्धमा ।
१४ : मापदण्ड सम्वन्धमा ।
१५ : कृषि उपज हाट वजार संचालन /व्यवस्थापन सम्वन्धमा ।
१६ :सटर कवलहरुको सम्झौता तथा सम्झौता नविकरण सम्वन्धमा :
१७ :- र्‍याफ्टिगं व्यवसाय संचालनका लागि शुल्क निर्धारण सम्वन्धमा ।
१८ : विविध सम्वन्धमा ।


कार्यपालिका बैठकको निर्णय २०७४-२०७९/६/

<u>निर्णय :</u>

**प्रस्ताव नं. १ :-शुभ-कामना सम्बन्धमा ।**

निर्णय नं. १:- नेपालीहरुको महान पर्वको रुपमा रहेको विजया दशमी, दिपावली तथा छठ पर्व, २०७९ को अवसरमा सम्पूर्ण नगरवासीहरुमा सुख, शान्ती, र समृद्धिका लागि शुभकामना व्यक्त गरियो ।

**प्रस्ताव नं. २ :- आ. व. २०७८/०७९ को अ.ल्या.योजना तथा रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. २ :-गत आ.व.२०७८/०७९ मा ठेक्का प्रकिया अगाडी वढी निर्माण/संचालनका क्रममा रहेका तर निर्माण कार्य सम्पन्न हुन नसकि अधुरा रहेका तपशिलमा उल्लेखित योजनाहरुलाइ चालु आ.व.२०७९/८० मा निरन्तरता दिन सोही शिर्षकमा विनियोजन भई वचत हुन आएको रकमवाट निम्न बमोजिम वजेट विनियोजन गर्ने र उक्त आयोजनाहरुको म्याद तपशिल बमोजिम थप गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपसिल :

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेक्का नं. | निर्माण व्यवसायी को नाम र ठेगाना | अल्या रकम | जम्मा | | चालु आ.व.का लागि म्याद थप गरिएको अबधि | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | टी. न. पा. | अन्य | | | |
| १.० | बनगाउ विचपुरुवाको बाटोहुदै वडा नं.३ जाने जमराको नदीको पुल जोड्ने (रामपुर जाने कालोपत्रे बाटोभएको सिमाना जोड्ने )सडक कालोपत्रे निर्माण-वडानं. १ बनगाउँ विचपुरूवा-वडा नं.१ (एक वडा एक गौरबको आयोजना) | NCB/WORKS/ 12/2078/079 | भट्टराई कन्स्ट्रक्सन कम्पनी ,प्रो.कुलराज भट्टराइ,,टीकापुर-१,कैलाली | 3,283,012.75 | | 3,283,012.75 | मंसिर मसान्त सम्म | |
| २.० | विजयनगर स्थित सहरी स्वाथ्य केन्द्र हुदै रानिकुला सिमाना सम्मको बाटो तथा कोठारपुर प्रदेशु चौधरीको घर देखि पार्करोड करुणा वोर्डिङ स्कुल सम्मको वाटो कालोपत्रे निर्माण आयोजना-वडा नं.२,विजयनगर र कोठारपुर (एक वडा एक गौरवको कालोपत्रे सडक निर्माण आयोजना) | NCB/WORKS/ 07/2078/079 | निराजन कन्स्ट्रक्सन,प्रो. अमरसिंह रावल, ,टीकापुर-१,कैलाली | 1,191,347.96 | | 1,191,347.96 | असोज मसान्त | |
| ३.० | उर्दिपुर देखि झन्झटपुर हुदै मनिकापुर भएर पहाडीपुर जाने बाटो कालोपत्रे वडा नं ५ (एक वडा एक गौरब सडक कालोपत्रे आयोजना) | NCB/WORKS/ 08/2078/079 | न्यू समिप निर्माण सेवा, प्रो. ज्ञानेन्द्र बहादुर शाह ,जनाली बन्डाली -४,अछाम । | 2,238,985.37 | | 2,238,985.37 | | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.० | बेलुवा चौराहा देखि बेलुवा दिव्वीपुर प्रतिपुर हुँदै हुलाकी सडक सम्म र सती बसपार्क देखि पदमपुर हुँदै डाँडाबोझी हुँदै खक्रौला सडक सम्म कालोपत्रे निर्माण कार्य निरन्तरता।-वडा नं.७ (एक वडा एक गौरब सडक कालोपत्र निर्माण आयोजना) | NCB/WORKS/ 09/2078/079 | न्यू समिप निर्माण सेवा, प्रो. ज्ञानेन्द्र वहादुर शाह ,जनाली बन्डाली - ४,अछाम । | 2,804,037.64 | | 2,804,037.64 | मंसिर मसान्त सम्म | |
| ५.० | वडा नं. ६ स्थित भर्तापुर जाने सडक कालोपत्रे निर्माण आयोजना ,वडा नं.६,कैलाली | NCB/WORKS/ 13/2078/079 | भट्टराई कन्स्ट्रक्सन कम्पनी ,प्रो.कुलराज भट्टराइ,,टीकापुर-१,कैलाली | 6,014,524.04 | | 6,014,524.04 | मंसिर मसान्त सम्म | |
| ६.० | सीतापुर स्कुल हुदैं मोहन रावलको घर भएर चन्द्र सिंह भट्टराई मिलन चोक जोडने सडक कालोपत्रे निर्माण आयोजना ,वडा नं. २,सीतापुर,कैलाली । | NCB/WORKS/ 19/2078/079 | यूकि बिल्डर्स,टिकापुर-१ | 1,533,194.27 | | 1,533,194.27 | मंसिर मसान्त सम्म | |
| ७.० | वडा नं ६ स्थित वडा कार्यालय जाने सडक कालोपत्रे निर्माण आयोजना | NCB/WORKS/ 20/2078/079 | सन्तोष बिल्डर्स,टिकापुर-१ | 1,787,030.41 | | 1,787,030.41 | मंसिर मसान्त सम्म | |
| ८.० | नगरपालिकाको मुख्य प्रशासनिक भवन परिसरमा Gardening(कम्पाउण्ड वाल निर्माण,मुख्य प्रवेशद्धार निर्माण तथा परिसरमा माटो पटानी तथा ग्राभेलिगं कार्य ) निर्माण आयोजना ,वडा नं. १,ब्लक नं. १,टीकापुर,कैलाली । | NCB/WORKS/54/2076/ 077 | | 1,821,163.72 | | 1,821,163.72 | मंसिर मसान्त सम्म | |

(६/२०७९-२०८४)कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९.० | बयोगास प्लान्ट निर्माण ,वडानं.५ | AEPC/BES/NCB/W/2077/078-02 | नेपाल उर्जा विकास कम्पनी पा.लि. | 3,324,548.58 | | 3,324,548.58 | ट्रायल सम्पन्न भय पश्चात | |
| १०. | ह्युमपाईप खरिद | | | १९,३७,३२१ | | १९,३७,३२१ | | |
| ११ | वडा नं. ३ स्थित रामपुर चौराहा देखि शहरी सवास्थ्य केन्द्र हुदै हिमालय मा. वि. जाने बाटो र पुछरी हरिकृतन चोक देखि पदम प्रा वि हुदै जोशीपुर गा पा जोड्ने पथ्थरैया घाट सम्मको बाटो कालोपत्रे निर्माण आयोजना | NCB/10/ROAD/2078/079 | श्री राजन निर्माण सेवा टीकापुर कैलाली | 2,534,968.32 | | 2,534,968.32 | मंसिर मसान्त सम्म | |
| १२ | मौरनिया बुझावन द.थारुको घर नजिकको चोक देखि किशुन थापाको घर हुदै कोदैपुर जोड्ने बाटो र अस्नेरी बाट बागमारा जनप्रकाश आ. वि. हुदै वडा न 6 को सिमाना जोड्ने बाटो कालोपत्रे निर्माण आयोजना,- वडा नं ०४ | NCB/11/ROAD/2078/079 | श्री भट्टराई कन्सट्रक्सन कम्पनी टीकापुर कैलाली | 3,619,295.36 | | 3,619,295.36 | मंसिर मसान्त सम्म | |
| १३ | आवास कार्यक्रम दलित बस्ति पर्सेनी, वडा न ६ | TMO/NCB/21/BUILD/2078/079 | श्री सन्तोष विल्डर्स जयगड अक्षाम | 10,198,676.80 | | 10,198,676.80 | मंसिर मसान्त सम्म | |
| १४ | औषधि र स्वास्थ्य सामाग्री भण्डारण कक्ष | TMO/SQ/24/WORKS/2078/079 | श्री देउला निर्माण सेवा टीकापुर कैलाली | 477,737.38 | | 477,737.38 | असोज मसान्त | |
| १५ | " सुर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुदै खाकरौला भन्सार जोड्ने सडक कालोपत्रे निर्माण आयोजना,वडा नं ८,कैलाली | NCB/15/ROAD/2078/079 | श्री रसुन निर्माण सेवा | 3,008,192.54 | | 3,008,192.54 | मंसिर मसान्त सम्म | |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | वडा नं ७ सिमाना देखि वडा नं ५ को सिमाना सम्म र गुलरैया चोक देखि ओखारपुर हुदै वडा कार्यालय जाने बाटो कालोपत्रे निर्माण आयोजना,वडा नं ६ ,कैलाली | NCB/16/ROAD/2078/079 | श्री रसुन निर्माण सेवा | 3,111,193.81 | | 3,111,193.81 | मंसिर मसान्त सम्म | |
| १७ | हुलाकी चोक देखि खैरिपुर हुदै दुर्जनपुर सम्मको सडक,खोपकेन्द्र देखि सुरेन्द्र देवकरको घर हुदै वडा नं ७ को सिमाना सम्मको सडक र बौनिया देखि पायलगाउ जाने सडक कालोपत्रे निर्माण आयोजना,वडा नं ९ ,कैलाली | NCB/१७/ROAD/2078/079 | श्री रसुन निर्माण सेवा | 3,171,354.60 | | 3,171,354.60 | मंसिर मसान्त सम्म | |
| १८ | टिकापुर पोलिटेक्निक इन्स्टिच्युटको प्रयोगशालाको अधुरो भवन निर्माण आयोजना,टिकापुर-५,कैलाली | NCB/25/BUILD/2078/079 | श्री जय प्रभु निर्माण सेवा | 86,491.89 | 368,418.34 | 454,910.23 | असोज मसान्त | |
| १९ | वडा कार्यालय भवनको पहिलो तला थप निर्माण आयोजना ,टिकापुर -६ ,कैलाली | NCB/26/BUILD/2078/079 | श्री N.R.K Reliable Engineering And Construction Private ltd,काठमाडौं मा.न.पा- ३२,कोटेश्वर | 253,145.53 | 482,754.29 | 735,899.82 | असोज मसान्त | |
| २० | स्थानीय जलबायु परिवर्तन अनुकुलन कार्ययोजना (लापा)तयारी | | | 1,000,000.00 | | 1,000,000.00 | | |

(८/२०७९-२०८०)कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | नेपाल रेडक्रस अधुरो भवन निर्माण | | | 733,130.67 | | 733,130.67 | | |
| | **जम्मा रु.** | | | **52,192,031.64** | **851,172.63** | **53,043,204.27** | | |

**प्रस्ताव नं. ३.:- पारिश्रमिक व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ३ क):**-नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय संघियता समन्वय महाशाखाको च.नं. २१ मिति २०७९।०४।१९ गतेको पत्रको बुदाँ नं. ३३ मा प्रारम्भिक वालविकास सहजकर्ता र विद्यालय कर्मचारीको न्युनतम मासिक पारिश्रमिक रु. १५ हजार निर्धारण गरि नेपाल सरकारको तर्फबाट प्रति सहजकर्ताको लागि रु. १० हजार र विद्यालय कर्मचारीको लागि प्रति महिना रु. ८ हजार सशर्त अनुदान उपलव्ध गराईएको र बाँकि पारीश्रमिक सम्वन्धित स्थानीय तहले आफ्नै स्रोतबाट विनियोजन गरि उपलव्ध गराउनु पर्ने व्यवस्था गरिएकोमा यस टीकापुर नगरपालिका अन्तर्गत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीको चालु आ.व. ०७९/०८० को पारिश्रमिकका लागि आगामी नगर सभावाट अनुमोदन हुने गरी गत आ.व. ०७८/०७९ वाट बचत हुन आएको अ.ल्या. मौज्दात रकमवाट रु. ८६,००,०००।-(छयासी लाख) विनियोजन गर्ने ।

**ख)** चालु आ.व. ०७९/०८० मा " भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी संकलन सेवा केन्द्र" अन्तर्गत हुने कार्य र उक्त सेवा केन्द्रका लागि आवश्यक जनशक्ति व्यवस्थापनका लागि आगामी नगर सभावाट अनुमोदन हुने गरी गत आ.व. ०७८/०७९ वाट बाट वचत हुन आएको अ.ल्या. मौज्दात रकमबाट रु. १०,००,०००।-(दश लाख) विनियोजन गर्ने ।

**प्रस्ताव नं. ४ :-योजना तथा कार्यक्रम संचालनका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ४ :**-यस नगरपालिकाको आवश्यकताको रुपमा पहिचान गरिएका र महत्वपूर्ण मानिएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा गत आ.व.को अ.ल्या.(संचित मौज्दात )रकम वाट चालु आ.व. ०७९/०८० मा देहाय बमोजिम रकम विनियोजन गरी कार्यान्वयन गर्ने ।

तपसिल :

| क्र.सं. | योजना तथा कार्यक्रम | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | हाई मास्ट लाईट सम्बन्धमा (मूख्य सार्वजनिक स्थल चोक चौराह) | टी.न.पा | ५४,००,००० | अघिल्लो आ.व. निरन्तर योजना |
| २ | टी.न.पा,वडा नं. ७,सत्ती वसपार्क व्यवस्थापन ( वसपार्कको जग्गा संरक्षण) | टी.न.पा,वडा नं. ७,सत्ती | लागत ईष्टिमेट वमोजिम | वसपार्कको जग्गा संरक्षण |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | हेलो मेयर कार्यक्रम | टी.न.पा | १० लाख | चालु आ.व.०७९/०८० का लागि स्वीकृत मेयर उपमेयर कार्यक्रम शिर्षकमा विनियोजित बजेट |
| ४ | सार्वजनिक शौचालय, | टी.न.पा | | सार्वजनिक शौचालय व्यवस्थापनका लागि सार्वजनिक सूचना आह्वान गर्ने |
| ५ | हात्ती आतंक नियन्त्रण सम्वन्धी कार्यक्रम | टी.न.पा. वडा नं. ८, श्रीलंका | | विपद् व्यवस्थापन कोष शिर्षकवाट नियन्त्रण गर्ने |
| ६ | गाउँघर खोप क्लिनिक र रामपुर शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन सम्वन्धमा | टी.न.पा.वडा नं. ३ | लागत ईष्टिमेट वमोजिम | ३ नं. वडा कार्यालयकाय प.स.२०७९/०८०, च.नं. ३६० वाट माग गरिएको |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ५. :- पार्कलाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा ।**

**निर्णय नं.५** :-फोहरमैला व्यवस्थापनका साथै वातावरणीय दृष्टिकोणले सुरक्षित वनाउन प्रथम चरणमा यस टीकापुर नगरपालिका स्थित टीकापुर बंगला पार्क (वृहत उद्यान ) क्षेत्रलाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्नका लागि आवश्यक कार्यक्रम संचालन सहितको व्यवस्था गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं. ६. विभिन्न सरकारी कार्यालयले राखेको माग सम्बन्धमा ।**

**निर्णय नं. ६** : यस नगरपालिका क्षेत्र स्थित विभिन्न सरकारी कार्यालयहरुवाट आवश्यक सहयोगका लागि यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा अनुरोध भई आएकोमा देहाय वमोजिमका संघ/संस्था/कार्यालयहरुलाई चालु आ.व.०७९/०८० मा तपसिल वमोजिम सहयोग/अनुदान गत आ.व. ०७८/०७९ को अ.ल्या.वचत मौज्दातवाट रकम उपलब्ध गराउने ।

| क्र.स. | संघ/संस्था/कार्यालय | रकम | कैफियत |
|---|---|---|---|
| १ | ईलाका प्रशासन कार्यालय, टीकापुर | २,५५,०००। | गाडि मर्मत |
| २ | ईलाका प्रहरी कार्यालय, टीकापुर | ३,००,००० | गाडि मर्मत |

**प्रस्ताव नं.७ :- टीकापुर नगरपालिकामा लगानी सम्मेलन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७** :-यस नगरपालिका क्षेत्रको आर्थिक विकास, रोजगारी सृजना गर्न र स्थानीय सरकारको आयमा वढोत्तरी गर्न चालु आ.व. ०७९/०८० मा यस नगरपालिका क्षेत्रमा लगानी सम्मेलन मार्फत वाहय लगानी भित्रर्याउने नीति लिईएकोमा उक्त लगानी सम्मेलन गर्नुपूर्व आवश्यक समन्वय र तयारी गर्न यस नगरपालिकाको उपप्रमुख श्री खडक वहादुर शाहलाई जिम्मेवारी प्रदान गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं.८ :- वार्षिक समीक्षा सम्बन्धमा ।**

निर्णय नं. ८ :- यस नगरपालिका अन्तर्गत गत आ.व. ०७८/०७९ मा सम्पन्न भए गरेका योजना तथा कार्यक्रमको वार्षिक समीक्षा यहि मिति २०७९/०६/११ गते गर्ने ।

**प्रस्ताव नं.९ :- सार्वजनिक बाटो सिमाकंन/रेखाकंन तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।**

निर्णय नं.९:- यस नगरपालिका अन्तर्गत सिमाकंन तथा रेखाकंन हुन बाकि रहेका सडक/कूलो हरुको वडा समितिको सिफारिसको आधारमा प्रचलित मापदण्ड बमोजिम सिमाकंन तथा रेखाकंन गर्ने तथा प्रचलित ऐनले तोके बमोजिम सार्वजनिक, प्रति ऐलानी जग्गा/तालतलैयाको संरक्षणका लागि सम्वन्धित वडा कार्यालय मार्फत आ-आफ्नो वडाको लगत अद्यावधिक गरी कार्यपालिका कार्यालयमा पेश गर्ने ।

**प्रस्ताव नं. १० :-रासायनिक मल आपूर्ति तथा विक्री वितरण सम्बन्धमा ।**

निर्णय नं. १० :- यस नगरपालिका क्षेत्रमा अनुदानको रासायनिक मल आपूर्ती तथा विक्री वितरण व्यवस्थालाई सहज बनाउन प्रचलित कानूनमा तोकिए बमोजिमको प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं. ११ :- खेलकुद कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णय नं. ११ :- विभिन्न खेलकुद क्षेत्र संग आवद्ध संघ संस्थाहरुले खेलकुद कार्यक्रम संचालन तथा खेलकुदमा सहभागिता जनाउनका लागि आर्थिक सहयोग माग गरी निवेदन पेश भएको सन्दर्भमा तपसिल बमोजिमका संस्थालाई देहाय बमोजिम रकम चालु आ.व. ०७९/०८० का लागि भैपरी चालु शिर्षकवाट उपलब्ध गराउने र ब्याटमिन्टन कोर्ट निर्माणका लागि भैपरी पूंजीगत शिर्षकवाट खर्च उल्लेख गर्ने ।

तपसिल :

| क्र.स. | सम्बन्धित संघ संस्था | रकम | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला सुटिङ संघ,कैलाली | १५०००। | यस क्षेत्रमा हुने प्रदेश स्तरिय छनौट प्रतियोगिताका लागि |
| २ | यूथ अफ टीकापुर, टीकापुर, कैलाली | २०,०००। | खुल्ला क्रिकेट प्रतियोगिता आयोजना |
| ३ | टीकापुर सितोरियो कराँते एकेडेमी, टीकापुर कैलाली | १५,०००। | जिल्ला स्तरिय छनौट प्रतियोगितामा सहभागिताका लागि |
| ४ | ब्याटमिन्टन कोर्ट निर्माण | ३,००,००० | न.पा. सिटी हल (भैपरी पूंजीगत) |

प्रमुख प्रशासकिय अधिकृत

(६/ २०७९-२०८४)कार्यपालिका बैठकका निर्णय

प्रस्ताव नं. १२ :-भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा ।

निर्णय नं. १२ :-यस नगर क्षेत्रको संस्कृति, सम्पदा र पर्यटकीय, पर्यावरण क्षेत्रको संरक्षण, प्रवर्द्धन, विकास र प्रचार प्रसारमा सहकार्य गर्न देहाय बमोजिमका पालिकाहरु सँग अन्तर पालिका स्तरिय भगिनी सम्बन्ध स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

तपसिल :

| क्र.सं. | सम्बन्धित पालिका | कैफियत |
|---|---|---|
| १ | भरतपुर महानगरपालिका, चितवन | |
| २ | भक्तपुर नगरपालिका, भक्तपुर | |
| ३ | दमक नगरपालिका, झापा | |

प्रस्ताव नं. १३ : समिति गठन सम्बन्धमा ।

निर्णय नं. १३ :-टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७५ को दफा ५ वमोजिम स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था रहेको,उक्त दफाको उपदफा १ को (ख), (ग) र (घ) मा भएको व्यवस्था वमोजिम सदस्यहरुको पदावधि समय समाप्त भएकोमा देहाय वमोजिमका सदस्यहरु तोक्ने ।

| क. स. | रहेको व्यवस्था | नामथर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | (ख)स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येवाट प्रत्येक दुई वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना :- सदस्य | चेतमान शर्मा | सदस्य | स्वास्थ्य क्षेत्रमा कार्य गरेको |
| २ | (ग)स्वास्थ्य आमा समुह र महिला स्वास्थ्य स्वंयसेवक संन्जाल मध्येवाट कार्यपालिकाले तोकेको १ जना :- सदस्य | रामप्यारी चौधरी | सदस्य | महिला स्वयंसेविका |
| ३ | (घ)स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक २ वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना :- सदस्य | श्री मोहन लुहार वि.क | सदस्य | वडा नं. १ को अध्यक्ष |

ख ) यस नगरपालिकाको नगर शिक्षा ऐन टीकापुर, २०७६ को दफा १८ मा नगर शिक्षा समिति गठनको प्रावधान रहेको र उक्त दफाको उपदफा (१) को (ख) मा नगर कार्यपालिकाको सदस्यहरु मध्येवाट दुई जना महिला सदस्य -सदस्य रहने व्यवस्था रहेकोमा कार्यपालिका सदस्य श्री लवरी चौधरी र मन्जु वि.क. लाई समितिको सदस्य तोक्ने ।

प्रमुख प्रशासकिय अधिकृत

प्रस्ताव नं. १४ : मापदण्ड सम्बन्धमा ।

निर्णय नं. १४ : टीकापुर नगरपालिकाको सहिद परिवारका सदस्य, वेपत्ता परिवारका सदस्य तथा घाईतेहरुका लागि निशुल्क स्वास्थ्य विमा उपचार सम्वन्धी मापदण्ड, २०७९ स्वीकृत गरियो ।

प्रस्ताव नं.१५. कृषि उपज हाट बजार संचालन /ब्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१५ : यस नगरपालिकाको मूख्य बजार क्षेत्र रहेको वडा नं. १ को ब्लक नं.११ कर्णाली मा.वि.को अगाडि र ब्लक नं. २९ स्थित कृषि उपज हाट वजार स्थलमा कृषि हाट बजार संचालन भई रहेकोमा अव उपरान्त ब्लक नं. २९ स्थित कृषि उपज हाट बजार स्थलका लागि तोकिएको स्थलमा मात्र कृषि उपज हाट बजार संचालनको व्यवस्था मिलाउने साथै नियमानुसार करको दायरामा समेट्ने ।

प्रस्ताव नं.१६.सटर कवलहरुको सम्झौता तथा सम्झौता नविकरण सम्बन्धमा ।

निर्णय नं. १६ :-यस नगरपालिकाले आन्तरिक आय आर्जनका लागि भाडामा लगाएका सटर कवलहरुको सम्झौता तथा सम्झौता नविकरण सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

क ) यस अघी सम्झौता भएका व्यक्ति/फर्म सम्वन्धितलेनै सटर कवल प्रयोग गरी नियमित रुपमा भाडा बुझाई वक्यौता नरहेका हरुको हकमा नियमानुसार/ सम्झौता नविकरण गर्ने ।

ख) यस अधी सम्झौता भएका व्यक्ति/फर्म सम्वन्धितलेनै सटर कवल प्रयोग गरी रहेका तर वक्यौता रहेकाहरुको हकमा अन्तिम पटक ताकेता गर्ने र ताकेता गर्दा समेत वक्यौता रकम नबुझाएमा त्यस्ता सटर कवल खाली गरी नियमानुसार टेण्डर प्रक्रियामा जाने ।

ग) सटर कवल प्रयोगमा अपचलन भएको हरुको हकमा अद्यावधिक तथ्याकं संकलन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

प्रस्ताव नं.१७ :- र्याफ्टिगं ब्यवसाय संचालनका लागि शुल्क निर्धारण सम्बन्धमा ।

निर्णय नं. १७ :- र्‍याफ्टिगं ब्यवसाय संचालनका लागि प्रति र्‍याफ्टिगं प्रति दिन रु. २ हजारको दरले शुल्क निर्धारण गर्ने साथै टीकापुर पार्कको पूर्व कर्णाली नदीको किनारमा ब्यवसाय संचालन गरे वापत नियमानुसार ब्यवसाय कर र जग्गाको बिटौरी कर लिने ।

निर्णय नं. १८ : विविध सम्बन्धमा :

क)मान्डव्य कन्स्ट्रक्सन प्रा.लि. ले मिति २०७९/०६/०७ गते ठेक्का सम्झौता सम्वन्धमा नगर कार्यपालिकाको कार्यालयमा पेश गरेको निवेदनको सम्बन्धमा सम्वन्धित ठेक्का सम्झौतामा उल्लेख भए वमोजिमनै हुने ।

ख ) वडा नं. १ को वडा कार्यालय सार्ने सम्बन्धमा यस अधिको बैठकमा निर्णय गरिएकोमा आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने देखिएको र पूर्वाधार निर्माणका लागि लागत स्टिमेट वमोजिम रकमको व्यवस्था हुन नसकेको हुँदा वडा कार्यालय संचालनका लागि गत आ.व.मा गरिएको घर भाडा सम्झौतालाई चालु आ.व. ०७९/०८० का लागि समेत नविकरण गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ग) यस नगरपालिका क्षेत्र अन्तर्गत वसोवास विभिन्न व्यक्तिहरु जटिल रोगबाट पिडीत भएको ,आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकि रहेको हुँदा आर्थिक सहयोग गरी पाउँ भनि नगरपालिका समक्ष निवेदन पेश भएको सम्वन्धमा सम्वन्धित वडा कार्यालयको सिफारिस र शाखाको रायमा कार्यविधिले तोकेको सिमाको अधिनमा रही नगर प्रमुख र उप-प्रमुखको आदेश वमोजिम आ.व. ०७९/०८० का लागि आर्थिक सहयोग शिर्षकमा विनियोजित वजेटवाट कार्यविधिको सिमा भित्र रही उपलब्ध गराउने ।

घ) ५८ औ राष्ट्रिय वाल दिवस मनाउने सम्वन्धमा कार्यपालिका कार्यालयको मिति २०७९/०५/२३ गतेको निर्णय वमोजिम कार्यक्रम संचालन गर्दा भएको खर्च रु. ३४ हजार चालु आ.व. ०७९/०८० का लागि विभिन्न दिवस, सभा, समारोह, उत्सव र स्थानीय संस्कृति प्रवर्द्धन शिर्षकमा विनियोजित वजेटवाट खर्च उल्लेख गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

(६/ २०७९-२०८४)कार्यपालिका बैठकको निर्णय